# अछाम जिल्ला अदालत

☎ ६२०१३०

## मंगलसेन, अछाम

पत्र संख्याः- ०७९/०८०
चलानी नं:- ४२०

श्री अछाम जिल्ला अदालत मंगलसेन, अछाम २०२३

मितिः २०७९।१०।१७

विषयः- सूचना टाँस गरी जानकारी पठाइदिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय

मंगलसेन, अछाम ।

उपरोक्त सम्बन्धमा यस अदालतबाट अड्डा अदालतमा लेखापढी प्रमाण-पत्र सम्बन्धी प्रकाशित सूचना यसै पत्रसाथ संलग्न राखि पठाईएको छ । सो सूचना त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी यस अदालतमा पठाईदिनहुन अनुरोध छ ।

शंकर प्रसाद अधिकारी
स्रेस्तेदार (उच-सचिव)

स्रेस्तेदार
(उप-सचिव)

**बोधार्थः**

श्री जिल्ला सरकारी वकिल कार्यालय, अछाम ।
श्री जिल्ला मालपोत कार्यालय, अछाम ।
श्री डिभिजन वन कार्यालय, अछाम ।
श्री जिल्ला नापी कार्यालय, अछाम ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, अछाम ।
श्री जिल्ला वार एसोशिएसन, अछाम ।
श्री मंगलसेन नगरपालिकाको कार्यालय, अछाम ।
श्री साँफेबगर नगरपालिकाको कार्यालय, अछाम ।
श्री पंचदेवल विनायक नगरपालिकाको कार्यालय, अछाम ।
श्री कमलवजार नगरपालिकाको कार्यालय, अछाम ।
श्री रामारोशन गाउँपालिकाको कार्यालय, अछाम ।
श्री चौरपाटी गाउँपालिकाको कार्यालय, अछाम ।
श्री बान्निगढी जयगढ गाउँपालिकाको कार्यालय, अछाम ।
श्री मेल्लेख गाउँपालिकाको कार्यालय, अछाम ।
श्री तुर्माखाँद गाउँपालिकाको कार्यालय, अछाम ।
श्री ढकारी गाउँपालिकाको कार्यालय, अछाम ।

*info.dcachham@supremecourt.gov.np*
Phone nu. 097-620130,

# अछाम जिल्ला अदालत

☎ ६२०१३०

## मंगलसेन, अछाम

पत्र संख्या:- ०७९/०८०
चलानी नं:- ५१९

मिति: २०७९।१०।१७

# सूचना ! सूचना !! सूचना !!!

**विषय: लेखापढी प्रमाणपत्रको लागि दरखास्त दिने सम्बन्धमा ।**

कानून व्यवसायी परिषद ऐन,२०५० को दफा २८ तथा लेखापढी व्यवसायी सम्वन्धी नियमावली, २०५१ वमोजिम अड्डा अदालतमा लेखापढी गर्न उक्त नियमावलीको नियम ३ बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले मिति २०७९।१०।१७ देखि २०७९।११।१७ गते सम्म देहायको शर्तको अधिनमा रही दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

- दरखास्तको ढाँचा नियमावलीको अनुसूची-१ बमोजिम हुनेछ ।
- दरखास्तको साथ ३(तीन) प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।
- दरखास्तसाथ रु १००।दस्तुर (नगदी रसिद) बुझाउनु पर्नेछ ।
- प्राप्त दरखास्त मध्ये उपयुक्त उम्मेदवार छनौट गर्न देहायको विषय समावेश भएको लिखित परीक्षा र लिखित परीक्षावाट उत्तिर्ण उम्मेदवारहरुले अन्तरवार्ताबाट छनौट भएपछी अदालतवाट निर्धारित प्रमाण-पत्र प्रदान गरिनेछ ।
- दरखास्तवालाहरुले मिति २०७९।११।१८ गते यस अदालतमा सम्पर्क गर्नुपर्नेछ ।
- लिखित परीक्षाको मिति, समय र स्थान सम्पर्क मितिमा जानकारी गराईनेछ ।

लिखित परीक्षामा समावेश हुने विषयहरुः-

- ➢ राजिनामा, अंशवण्डा, वकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत ।
- ➢ अदालतमा प्रयोग हुने तारेख थाम्ने, हाजिर गराउने, वारेसनामा लगायतका लिखतहरु ।
- ➢ अर्धन्यायिक निकाय, स्थानीय तहको न्यायिक समितिमा दर्ता गरिने सामान्य निवेदनहरु ।
- ➢ तमसुक, भर्पाई, बैनापत्र, वारेसनामा जस्ता सामान्य प्रकृतिका घरायसी कागजातहरु ।
- ➢ जाहेरी दरखास्त लगायतका निवेदन ।
- ➢ लेखापढी व्यवसायी सम्वन्धी नियमावली, २०५१ ।
- ➢ लेखापढी व्यवसायीको आचारसंहिता, २०६४ ।
- ➢ समसामयिक विषयवस्तुको जानकारी ।

शंकर प्रसाद अधिकारी
स्रेस्तेदार (स्रेस्तेदार (उपसचिव))

(विस्तृत जानकारीको लागि यस अदालतको प्रशासन शाखा/ फोन नं. ०९७-६२०१३० मा कार्यालय समयमा सम्पर्क राखु हुन अनुरोध छ ।

*info.dcachham@supremecourt.gov.np*
Phone nu. 097-620130,